प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

# आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम/बजेट कार्यान्वयन कार्ययोजना

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम/बजेट वक्तव्यको व्यहोरा | क्रियाकलाप | माइलस्टोन (उपलब्धी मापन सूचक) | विनियोजन रु.हजारमा | समयावधि | जिम्मेवार निकाय/ महाशाखा/शाखा | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | | राजश्व व्यवस्थापनलाई थप प्रभावकारी बनाउन नीतिगत सुधार तथा संस्थागत सुदृढीकरण गरिनेछ। संघ तथा स्थानीय तहसँग समन्वय गर्दै समग्र राजश्व परिचालनलाई व्यवस्थित गर्दै लगिनेछ। आन्तरिक राजश्व अभिवृद्धिका लागि तुलनात्मक लाभ दिने परियोजनामा वित्तीय लगानीका लागि व्यवस्था मिलाइने। | १. राजस्व विधेयक तर्जुमा।<br>२. राजस्व कार्यालय स्थापना।<br>३. राजस्व सम्बन्धी छलफल/गोष्ठी/अन्तर्क्रिया/अभिमुखीकरण कार्यक्रम गर्ने।<br>४. राजस्व परामर्श समिति तथा विषयगत समितिको गठन तथा प्रतिवेदन।<br>५. आर्थिक विधेयक तर्जुमा। | १. प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ लाई प्रतिस्थापन गरी प्रदेश राजस्व सम्बन्धी विधेयक तर्जुमा हुने।<br>(क) विधेयकको मस्यौदा तयार गर्ने<br>(ख) म.प.मा विधेयक पेश गर्ने<br>२. प्रदेश राजस्व कार्यालय स्थापना तथा सञ्चालन हुने।<br>३. यातायात, मालपोत, पर्यटन तथा वन क्षेत्र, स्थानीय तह लगायतका सरोकारवालासँग र राजस्व परामर्श समितिमा छलफल गर्ने।<br>४. प्रदेश आर्थिक विधेयक तर्जुमा हुने। | २०५०० (राजस्व सम्बन्धी अन्तरक्रियाको र राजस्व कार्यालयको बजेट समेत) | १(क) कात्तिक मसान्तसम्म<br>१(ख) पुष मसान्तसम्म<br>२. भदौ मसान्तसम्म<br>३. फाल्गुन-बैशाखसम्म<br>४. जेठ १५ सम्म | वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | प्रशासन महाशाखा/ कानून तथा फै. का. शाखा र सम्बन्धित मन्त्रालय/ कार्यालयहरु |
| | १९० र २०८ | प्रदेशमा राजस्व प्रशासनलाई थप व्यवस्थीत गर्न राजस्व विधेयक तर्जुमा गरिने। | | | | | | |
| | १९१ र २०९ | प्रदेश राजस्व कार्यालयको स्थापना गरी स्थानीय तहसँगको समन्वयमा राजस्व संकलनलाई थप प्रभावकारी बनाइने। | | | | | | |
| | २१० | राजस्व सुधार कार्ययोजना परिमार्जन गरी कार्यान्वयन गर्दै राजस्व परिचालनको कार्यलाई थप सुदृढ बनाइने। | आन्तरिक राजस्व अध्ययन प्रतिवेदन, २०७९ लाई कार्यान्वयन गर्न राजस्व सुधार कार्ययोजना परिमार्जन गर्ने।<br>कार्ययोजना कार्यान्वयन गर्न छलफल अन्तरक्रिया गर्ने। | १. कार्ययोजना तर्जुमा गरी मन्त्रालयबाट पारित।<br>२. सरोकारवाला मन्त्रालय/कार्यालयसँग छलफल तथा कार्ययोजना कार्यान्वयनका लागि पठाइने। | | १. कात्तिक मसान्त<br>२. मंसीर | वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | विषयगत मन्त्रालय/ कार्यालयहरु |
| | २०७ (ङ) | सुरक्षा निकाय, स्थानीय तह र सरोकारवालासँगको समन्वयमा राजस्व चुहावट नियन्त्रण गरिनेछ। | प्रदेशको राजस्व चुहावटका सम्भावित क्षेत्र र नियन्त्रका उपायहरु पहिचान गर्ने।<br>सरोकारवालासँग छलफल गर्ने। | सुरक्षा निकाय, स्थानीय तह लगायतका सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया भएको हुने। | | निरन्तर | वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

शाखा अधिकृत

उपसचिव

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम/बजेट वक्तव्यको व्यहोरा | क्रियाकलाप | माइलस्टोन (उपलब्धी मापन सूचक) | विनियोजन रु.हजारमा | समयावधि | जिम्मेवार निकाय/ महाशाखा/शाखा | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ३७ | | सार्वजनिक खर्चलाई परिणाममुखी बनाउन चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्दै आर्थिक तथा सामाजिक क्षेत्रमा दीर्घकालीन लाभ पुऱ्याउने गरी पूँजीगत खर्च वृद्धि गर्दै लगिनेछ। स-साना आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै बहुवर्षीय तथा रुपान्तरणकारी आयोजनामा पर्याप्त स्रोत विनियोजन गरिनेछ। | १. चालु खर्चलाई वाञ्छित सीमाभित्र राखी सिलिङ र मार्गदर्शन प्रदान गर्ने। रकमान्तर नियन्त्रण गर्ने।<br>२. कार्यक्रम, तालिम, गोष्ठी, प्रशासनिक खर्च, फर्निचर, मेशिनरी, सवारी साधन लगायतका खर्चमा गत वर्षको विनियोजनको तुलनामा १० देखि १५ प्रतिशत कटौती गर्ने।<br>३. आयोजना बैंक कार्यविधिमा तोकिएको न्यूनतम लागत सीमा पालना गरिने। बजेट छलफल तथा अन्तरक्रिया गरिने। | १. आगामी वर्षको बजेट तर्जुमा गर्दा चालु खर्चमा विनियोजन कम भएको हुने।<br>२. बजेट फ्रिज हुन नदिने मनसायले प्रशासनिक खर्चमा अनावश्यक रकमान्तरको माग गर्ने प्रवृत्तिमा नियन्त्रण/न्यूनीकरण भएको हुने।<br>३. प्रदेश आयोजना बैंक सञ्चालन कार्यविधि, २०८१ र बहुवर्षीय आयोजनामा सम्बन्धी मापदण्ड अनुसार स्रोत सहमति तथा बजेट विनियोजन भएको हुने। | ३००० | चैत्र देखि जेठसम्म | बजेट तथा कार्यक्रम महाशाखा | सबै मन्त्रालय/ निकायहरु |
| ३८ | | तथ्याङ्कमा आधारित नीति निर्माण गर्ने पद्धति विकास गर्दै प्रदेशस्तरको तथ्याङ्क संकलन, अभिलेखीकरण, प्रकाशन तथा व्यवस्थापनका लागि तथ्याङ्कसम्बन्धी कानुनको तर्जुमा गरिनेछ। | १. प्रदेश तथ्याङ्क विधेयक प्रदेश सभामा पेश गर्ने।<br>२. प्रदेश तथ्याङ्क नियमावली मस्यौदा तयार गर्ने। | १.प्रदेश तथ्याङ्क विधेयक कोशी प्रदेश सभामा पेश हुने र<br>२. तथ्याङ्क नियमावली मस्यौदा तयार भएको हुने। | | १. भदौ<br>२. चैत्रसम्म | वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | प्रदेश योजना आयोग र तथ्याङ्क समन्वय कार्यालय |
| | २०४ | प्रदेशमा व्यवस्थित तथ्याङ्क प्रणालीको विकास गरी राष्ट्रिय तथ्याङ्क प्रणालीको अभिन्न अङ्ग बनाइनेछ। प्रदेशको आर्थिक, सामाजिक, जानसाङ्ख्यिक तथा वातावरणीय तथ्याङ्क सर्वेक्षण गरी आधारभूत तथ्याङ्क संकलनको कार्य शुरु गरिनेछ। यसबाट भविष्यमा तथ्यमा आधारित नीति निर्माणको आधार तयार हुनेछ। | १. राष्ट्रिय तथ्याङ्क कार्यालयसँग समन्वय तथा छलफल गर्ने।<br>२. आधारभूत तथ्याङ्क सङ्कलन गर्ने।<br>३. प्रदेशिक आर्थिक सर्वेक्षण प्रकाशन गर्ने। | १. प्रदेश तथ्याङ्क प्रणाली स्थापनाको आधार तयार भएको हुने।<br>२. राष्ट्रिय तथ्याङ्क प्रणालीसँग प्रदेश तथ्याङ्कलाई आवद्ध गर्न छलफल हुने।<br>३. तथ्याङ्कको सूचक तथा स्रोतको पहिचान हुने र आवश्यक तथ्याङ्क संकलन तथा प्रकाशन भएको हुने। | तथ्याङ्क प्रणालीको लागि ५ लाख र जनरल सर्वेक्षणको तयारीमा ८० लाख | १ र २ माघसम्म<br>३. जेठसम्म | वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | राष्ट्रिय तथ्याङ्क कार्यालय, प्रदेश योजना आयोग र विषयगत मन्त्रालयहरु |

शाखा अधिकृत

उपसचिव

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम/बजेट वक्तव्यको व्यहोरा | क्रियाकलाप | माइलस्टोन (उपलब्धी मापन सूचक) | विनियोजन रु.हजारमा | समयावधि | जिम्मेवार निकाय/ महाशाखा/शाखा | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ३९ | | प्रदेशका अन्य सरकारी कोषसम्बन्धी प्राप्त अध्ययन प्रतिवेदनलाई क्रमशः कार्यान्वयन गरिनेछ। अत्यावश्यक कार्यका लागि आकस्मिक कोषबाट खर्च गर्न कानुनी व्यवस्था मिलाइनेछ। सार्वजनिक खर्चलाई मितव्ययी, विश्वसनीय र पारदर्शी बनाउन विद्यमान कानुनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरिनेछ। | १. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्ने विधेयक प्रदेश सभामा पेश गर्ने।<br>२. प्रदेश सरकारी कोष सञ्चालन सम्बन्धी कानूनहरुलाई संशोधन/परिमार्जनका लागि अन्तरक्रिया गर्ने।<br>३. अन्य सरकारी कोष सञ्चालन गर्ने निकायलाई अभिमुखीकरण गर्ने।<br>४. अन्य सरकारी कोषको व्यय अनुमानलाई प्रदेशको बजेट वक्तव्यमा समावेश गर्ने। | १. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ संशोधन भएको हुने।<br>२. अन्य कानूनलाई आवश्यक संशोधन गर्न छलफल एवम् मस्यौदा भएको हुने।<br>३. समिति, बोर्ड, प्रतिष्ठान, प्राधिकरण लगायत सरकारी कोष सञ्चालन गर्ने निकायका प्रशासकीय प्रमुख र आर्थिक प्रशासनका काम गर्ने कर्मचारीलाई अभिमुखीकरण भएको हुने।<br>४. आगामी वर्षको बजेट पेश हुँदा अन्य सरकारी कोषको व्यय अनुमानको विवरण समेत कोशी प्रदेश सभामा पेश हुने। | २५० | १.फाल्गुनसम्म<br>२. चैत्रसम्म<br>३. मंसीर/पुष<br>४.जेठसम्म | बजेट तथा कार्यक्रम महाशाखा | प्रदेश लेखा नियन्त्रक कार्यालय र सबै मन्त्रालयहरु |
| | १९३ | प्रदेशको आकस्मिक अवस्थालाई तत्काल सम्बोधन गर्न आकस्मिक कोषको स्थापना गरिएको छ। आर्थिक अनुशासन कायम गर्न सरकारी कारोवार सञ्चालन निर्देशिका बमोजिम बाहेकका खाता क्रमशः बन्द गरिनेछ | १. प्रदेश आकष्मिक कोष ऐन, २०७५ लाई प्रतिस्थापन गर्ने विधेयक तर्जुमा गर्ने।<br>२. प्रदेश आकष्मिक कोष खाता सञ्चालन गर्ने र कोरोना जनसुरक्षा कोष लगायतका अन्य खाता बन्द गर्ने।<br>३. सरकारी कारोबार निर्देशिका, २०७६ अनुसार कोष तथा खाता सञ्चालन गर्ने। | १. प्रदेश आकष्मिक कोष विधेयक तर्जुमा म.प.पेश।<br>२. ऐन जारी भएपछि कोष खाता सञ्चालन भएको हुने।<br>३. सरकारी कारोबार निर्देशिका बमोजिम बाहेकका अन्य सरकारी खाताहरु बन्द भएको हुने। | १० करोड | १. कात्तिक<br>३. फाल्गुनसम्म | बजेट तथा कार्यक्रम महाशाखा | प्रदेश लेखा नियन्त्रक कार्यालय |
| | २०३ | आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी कार्यान्वयन गरिनेछ। | १. लेखापरीक्षण प्रतिवेदनमा समीक्षा तथा बेरुजु फर्स्यौटबारे अन्तरक्रिया गर्ने। | लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनबारे समीक्षा तथा छलफल भएको हुने।<br>बेरुजु फर्स्यौट अनुगमन समितिको बैठक र समितिको त्रैमासिक प्रतिवेदन पेश हुने। | ४९० | भदौ, मंसीर र फाल्गुन | वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | प्रदेश लेखा नियन्त्रक कार्यालय |
| | | | २. बेरुजु फर्स्यौट तथा न्यूनीकरण प्रोत्साहन कार्यक्रम | बेरुजु फर्स्यौट तथा न्यूनीकरण सम्बन्धी कार्यविधि, २०८० अनुसार पुरस्कार प्रदान हुने। | १०००० | चैत्रसम्म | बेरुजु फर्स्यौट अनुगमन समिति/ वित्त तथा वित्तीय क्षे.व्य.म. | सबै मन्त्रालय/ निकायहरु |

शाखा अधिकृत

उपसचिव

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम/बजेट वक्तव्यको व्यहोरा | क्रियाकलाप | माइलस्टोन (उपलब्धी मापन सूचक) | विनियोजन रु.हजारमा | समयावधि | जिम्मेवार निकाय/ महाशाखा/शाखा | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | जनप्रतिनिधि तथा प्रदेश निजामती, स्थानीय सरकारी सेवाका कर्मचारीलाई सैद्धान्तिक र व्यवहारिक तालिम प्रदान गरी पेशागत तथा व्यवसायिक दक्षता अभिवृद्धि गरिनेछ। | लेखा समुहका नव प्रवेशी कर्मचारीहरुलाई लेखा सम्बन्धी आधारभूत तालिम सञ्चालन गर्ने | प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएपछि पाठ्यक्रम अनुसार तालिम सञ्चालन भएको हुने। | ८०० | सिफारिस भएपछि | प्रशासन महाशाखा (तालिम केन्द्रसँगको समन्वयमा) | प्रदेश लेखा नियन्त्रक कार्यालय |
| | | | लेखा सुदृढीकरण तथा जनशक्ती क्षमता विकास कार्यक्रम | क्षमता विकास तालिम कार्यक्रम सञ्चालन भएको हुने। | १५०० | मंसीर/पुष | प्रदेश लेखा नियन्त्रक कार्यालय | सबै मन्त्रालय/ निकायहरु |
| | २०१ | संघीय अर्थ मन्त्रालयको समन्वयमा प्रदेशको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्याङ्कन (पेफा एसेस्मेन्ट) कार्यको सुरुवात गरिने। | सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्याङ्कन (पेफा एसेस्मेन्ट) गर्ने। | मूल्याङ्कन प्रतिवेदन प्राप्त भएको हुने र समीक्षा तथा छलफल गरी सुधार कार्ययोजना तयार गरिने। | १२०० | बैशाखसम्म | वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा (PEFA सचिवालयको समन्वयमा) | प्रदेश लेखा नियन्त्रक कार्यालय |
| ४० | | सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता निर्देशिकालाई परिमार्जन गरिनेछ। प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरणसम्बन्धी कार्यविधि, बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड र आयोजना बैंक व्यवस्थापन कार्यविधिलाई एकीकृत बनाई थप परिष्कृत गरिने। | १. सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ लाई आवश्यक परिमार्जन/संशोधन गरिने।<br>२. आयोजना व्यवस्थापन सम्बन्धी कार्यविधि परिमार्जन/ एकीकृत गर्ने। | निर्देशिका तथा कार्यविधिहरु परिमार्जन/संशोधन भएको हुने। | | मंसीरसम्म | बजेट तथा कार्यक्रम महाशाखा | सबै मन्त्रालयहरु, प्रदेश योजना आयोग र प्रदेश लेखा नियन्त्रक कार्यालय |
| | १९५ | सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता निर्देशिका, २०७९ र प्रदेश सार्वनजिक खरिद नियमावली, २०७७ लाई परिमार्जन गरिने। | | | | | | |
| | १९६ | प्रदेश स्तरीय आयोजना छनौट तथा बर्गीकरण सम्बन्धी कार्यविधि,२०८०, बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड,२०८१, र आयोजना बैंक व्यवस्थापन कार्यविधि,२०८१ लाई एकिकृत गरिने। | आयोजना व्यवस्थापन सम्बन्धी विद्यमान कार्यविधिहरुलाई परिमार्जन/ एकीकृत गर्ने। | कार्यविधि संशोधनका लागि म.प. प्रस्ताव पेश गरिने र प्रदेश सरकारको निर्णय अनुसार प्रदेश राजपत्रमा प्रकाशन तथा कार्यान्वयन भएको हुने। | | माघसम्म | बजेट तथा कार्यक्रम महाशाखा | प्रदेश योजना आयोग र सबै मन्त्रालयहरु |

शाखा अधिकृत

उपसचिव

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम/बजेट वक्तव्यको व्यहोरा | क्रियाकलाप | माइलस्टोन (उपलब्धी मापन सूचक) | विनियोजन रु.हजारमा | समयावधि | जिम्मेवार निकाय/ महाशाखा/शाखा | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ४१ | | स्थानीय तहमा स्रोतको कमी पूरा गर्न, आन्तरिक आय वृद्धिको अनुपातमा स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरणको अंश क्रमशः वृद्धि गर्दै प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण गरिने अन्य अनुदानको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ। | १. वित्तीय समानीकरण अनुदानको सीमा वृद्धि गरिने।<br>२. सशर्त अनुदानका आयोजना छनौट र हस्तान्तरण गर्ने कार्यविधि व्यवस्थित गरिने।<br>३. समपूरक र सशर्त अनुदानका आयोजना/कार्यक्रम कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने। | १. प्रदेश सरकारको निर्णय तथा तोकिएको कार्यविधि अनुसार स्थानीय तहमा अनुदान हस्तान्तरण भएको हुने।<br>२. सशर्त र समपूरक अनुदानका आयोजना कार्यक्रम कार्यान्वयन अवस्थाबारे प्रतिवेदन तयार हुने। | | चैत्रसम्म | बजेट तथा कार्यक्रम महाशाखा | सबै मन्त्रालयहरु र प्रदेश लेखा नियन्त्रक कार्यालय |
| ४२ | | साना तथा मझौला उद्यम व्यवसाय गर्न उद्यमशीलता विकासका लागि बैंकिङ कर्जामा आधारित कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। | उदय परियोजना कार्यान्वयन गर्ने। | तोकिएको लक्ष्य र क्रियाकलाप अनुसार उपलब्धि हासिल हुने। | | निरन्तर | प्रशासन महाशाखा | उदय परियोजना |
| | १९७ | उद्यमशीलता विकास, बैंकिङ कर्जा, प्रविधि तथा बजारमा पहुँच वृद्धि गर्न साना तथा मझौला उद्यम व्यवसाय लक्षित उदय परियोजना यसै आर्थिक वर्षदेखि सञ्चालन गरिने। | उदय परियोजना कार्यान्वयन गर्ने। | निर्धारित लक्ष्य अनुसार उपलब्धि हासिल भएको हुने। | २२ करोड ५० लाख | निरन्तर | प्रशासन महाशाखा | उदय परियोजना |
| | २०२ | प्रदेशमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र विकास साझेदारको स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गरी दोस्रो आवधिक योजनाको लक्ष्य हासिल गर्न ति संस्थाको बजेट, कार्यक्रम र प्रगति अनुगमन गर्न मिल्ने विद्युतीय प्रणाली सञ्चालन गरिने। | १.प्रदेश सहयोग कार्यक्रम (PSP) सँगको सहकार्यमा डिपि पोर्टल सञ्चालनमा ल्याउने।<br>२.विकास साझेदारसँग छलफल तथा अन्तरक्रिया गर्ने। | १. कोशी प्रदेशमा विकास सहायता परिचालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको बजेट/कार्यक्रम तथा प्रगति विवरण सङ्कलन (डिपि पोर्टलमा प्रविष्टि) भएको हुने।<br>२. विकास साझेदारसँगको अन्तरक्रिया बैठक हुने। | | १. मंसीरसम्म<br>२. पुष/माघ | बजेट तथा कार्यक्रम महाशाखा/<br>विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा | सामाजिक विकास मन्त्रालय |
| | | | सार्वजनिक सेवा प्रसारण, नेपालमा आर्थिक गतिविधि प्रसारण | १. कार्यक्रम प्रसारण सम्झौता हुने।<br>२. वित्तीय साक्षरता तथा आर्थिक गतिविधिबारे टेलिभिजन कार्यक्रम प्रसारण भएको हुने। | १५०० | १. असोजसम्म<br>२. मासिक/ नियमित रुपमा | प्रशासन महाशाखा | नेपाल टेलिभिजन इटहरी च्यानल |

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

शाखा अधिकृत

उपसचिव

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम/बजेट वक्तव्यको व्यहोरा | क्रियाकलाप | माइलस्टोन (उपलब्धी मापन सूचक) | विनियोजन रु.हजारमा | समयावधि | जिम्मेवार निकाय/ महाशाखा/शाखा | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | १९४ | प्रदेशको दोस्रो आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि मध्यमकालीन खर्च संरचनाको माध्यमबाट योजना र बजेटबीच तादात्म्य कायम गरिनेछ। | मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने। MTEF मा बहुवर्षीय आयोजना र प्रतिवद्ध दायित्वलाई समेत समावेश गर्ने। | आवधिक योजनाको क्षेत्रगत रणनीति/कार्यनीति कार्यान्वयनको समीक्षा, बजेट तथा कार्यक्रमसँगको आवद्धताको विषय र मुख्य कार्यक्रमको विवरणलाई समावेश गरी MTEF तर्जुमा हुने। प्रदेशको बजेटसँगै प्रदेश सभामा पेश गरिने। | | चैत्र-जेठ | बजेट तथा कार्यक्रम महाशाखा | प्रदेश योजना आयोग |
| | २२४ | बजेट कार्यान्वयनलाई थप जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिइनेछ। | माथिल्लो पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गर्ने र सो अनुसार मूल्याङ्कन/समीक्षा गरिने। | १.माननीय मन्त्रीले मुख्यमन्त्रीसँग, सचिवले मन्त्रीसँग र महाशाखा प्रमुख/ कार्यालय प्रमुखले सचिवसँग कार्यसम्पादन सम्झौता हुने।<br>२. सम्झौता कार्यान्वयन तथा प्रगति मूल्याङ्कन भएको हुने। | | १.श्रावण<br>२. त्रैमासिक/ निरन्तर | प्रशासन महाशाखा | सबै महाशाखा/ शाखाहरु/ प्र.ले.नि.का. |
| | २२५ | बजेट कार्यान्वयन कार्ययोजना मन्त्रालय तथा निकायबाट २०८२ असार मसान्तभित्रै स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ। | नीति तथा कार्यक्रम/ बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गरी लागू गर्ने। | १. कार्ययोजना तयारी<br>२. स्वीकृत कार्ययोजना अनुसार कार्यसम्पादन गर्ने र प्रगति समीक्षा/प्रतिवेदन भएको हुने। | | १. असार मसान्त<br>२.निरन्तर | प्रशासन महाशाखा | सबै महाशाखा/ शाखाहरु/ प्र.ले.नि.का. |
| | २२६ | बजेट तथा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड संशोधन गर्नुपर्नेमा श्रावण मसान्तभित्र र तर्जुमा गर्नु पर्नेमा असोज मसान्त भित्र गरिनेछ। | नीति तथा कार्यक्रम, बजेट वक्तव्यमा उल्लेख भएका विषयमा एवम् मन्त्रालयले पहिचान गरेका नीति/रणनीति, कानून तर्जुमा वा संशोधन गर्ने। | १. कानून संशोधनको मस्यौदा म.प.मा पेश हुने<br>२. कानून मस्यौदा तर्जुमा गरी प्रस्ताव पेश भएको हुने। | १०५० | १. श्रावण मसान्तसम्म<br>२. असोज मसन्तसम्म | सम्बन्धित महाशाखा/शाखाहरु | कानून तथा फै. का. शाखा |
| | २२७ | आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्रै आयोजना तथा कार्यक्रमको खरिद प्रक्रिया अगाडि बढाइनेछ। | खरिद योजना बनाई कार्यान्वयन गरिने। | वार्षिक विकास कार्यक्रम अनुसार गर्नुपर्ने निर्माण कार्य, माल सामान खरिद, कार्यक्रम सञ्चालन लगायतको कार्यमा खरिद योजना बनाई प्रक्रिया अघि बढेको हुने। | | असोज मसान्तसम्म | प्रशासन महाशाखा | सबै महाशाखा/ शाखाहरु |
| | २२८ | कार्यक्रम तथा आयोजनाहरुको वाञ्छित नतिजा हासिल गर्न प्रदेशस्तरीय अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन, २०८० लाई कार्यान्वयन गरिनेछ। | १. MDAC र अनुगमन तथा मूल्याङ्कन इकाईको बैठक नियमित रुपमा बस्ने।<br>२. दिग्दर्शनको ढाँचा अनुसार वार्षिक प्रगति प्रतिवेदन, अनुगमन, मूल्याङ्कन लगायतको कार्य गर्ने। | प्रदेशस्तरीय अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन, २०८० ले तोकिएका कार्यहरु नियमित रुपमा सम्पादन भएको हुने। प्रगति प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरुको कार्यान्वयन तथा वेबसाइट मार्फत प्रकाशन भएको हुने। | | निरन्तर | बजेट तथा कार्यक्रम महाशाखा/ योजना तथा अनुगमन शाखा | प्रदेश योजना आयोग/ सबै मन्त्रालयहरु |

शाखा अधिकृत

उपसचिव

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री

| नीति तथा कार्यक्रमको बुँदा नं. | बजेट वक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम/बजेट वक्तव्यको व्यहोरा | क्रियाकलाप | माइलस्टोन (उपलब्धी मापन सूचक) | विनियोजन रु.हजारमा | समयावधि | जिम्मेवार निकाय/ महाशाखा/शाखा | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | २२९ | आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बहुवर्षीय आयोजनाहरुको कार्यान्वयन प्रगतिको स्थलगत अनुगमन गरी समिक्षा गरिने। | १. बहुवर्षीय स्रोत सहमति प्रदान गरिएका आयोजनाहरुको स्थलगत अनुगमन गर्ने।<br>२. ती आयोजनाको कार्यान्वयन अवस्था र सिर्जित दायित्वबारे समीक्षा गर्ने। | १. अनुगमन प्रतिवेदन प्राप्ति, कार्यान्वयन, प्रकाशन भएको हुने। बहुवर्षीय आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति बारेमा समीक्षा तथा छलफल हुने। | ११९६ | निरन्तर | बजेट तथा कार्यक्रम महाशाखा/ योजना तथा अनुगमन शाखा | प्रदेश योजना आयोग/सम्बन्धित मन्त्रालयहरु |
| | १९९ | "कोशी प्रदेश पर्यटन वर्ष २०८२" लाई प्रवर्द्धन गर्न प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई प्रदेशभित्रका पर्यटकीय गन्तव्यको भ्रमणको लागि प्रोत्साहन गरिने। | कर्मचारीलाई प्रदेशभित्रका पर्यटकीय गन्तव्यको भ्रमणको लागि बिदा/काज र रकम उपलब्ध गराउने निर्णयका लागि म.प.मा प्रस्ताव पेश गर्ने। | प्रदेश सरकारको निर्णय अनुसार तोकिएको अवधिको बिदा/काज र पर्यटकीय गन्तव्य भ्रमण वापतको रकम दिने व्यवस्था कार्यान्वयन भएको हुने। | १०००० | भदौ मसान्तसम्म | आर्थिक मामिला तथा योजना मन्त्रालय | पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| | २०० | कोशी प्रदेशमा रहेका घरेलु उद्योगबाट उत्पादित ढाका, खाँडी, अल्लो लगायतका कपडालाई प्रदेशमा कार्यरत कर्मचारीलाई कार्यालय पोशाकको रुपमा प्रयोग गर्ने व्यवस्था गरिने। | कर्मचारीलाई घरेलु उत्पादनको पोशाक उपलब्ध गराउने सम्बन्धी निर्णयका लागि म.प.मा प्रस्ताव पेश गर्ने। | प्रदेश सरकारको निर्णय अनुसार तोकिएको पोशाक वा सो वापतको रकम दिने व्यवस्था कार्यान्वयन भएको हुने। | ३०००० | कार्तिक मसान्त सम्म | आर्थिक मामिला तथा योजना मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | उद्योग, कृषि तथा सहकारी मन्त्रालय |
| ५ | | सेवा निवृत्त कर्मचारीको निवृत्तभरण प्रणालीलाई दिर्घकालीन रुपमा सुनिश्चित गर्न २०७६ साल श्रावण १ गतेबाट नियुक्त भएको प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीका लागि योगदानमा आधारित निवृत्तभरण कोषको स्थापना तथा सञ्चालन गरिनेछ। | योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालन सम्बन्धी कानून अनुसार कोष सञ्चालनका लागि, सम्झौता गरिने। | प्रदेश सरकारले तोकेको/सम्झौता गरेको वित्तीय संस्थामार्फत योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालन भई कानून बमोजिम योगदान रकम जम्मा भएको हुने। | | कार्तिक मसान्तसम्ममा | बजेट तथा कार्यक्रम महाशाखा | प्रदेश लेखा नियन्त्रक कार्यालय र तोकिएको वित्तीय संस्था |
| | | | करारका कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गर्ने | १. सामाजिक सुरक्षा कोषमा योगदान रकम दाखिला गर्न परिपत्र भएको हुने।<br>२. मासिक तलब सँगै योगदान रकम जम्मा भएको हुने। | | सङ्घले नीति कार्यान्वयन गरेपश्चात परिपत्र हुने | बजेट तथा कार्यक्रम महाशाखा | प्रदेश लेखा नियन्त्रक कार्यालय र तोकिएको वित्तीय संस्था |

शाखा अधिकृत

उपसचिव

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री